# कुम्मायक गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
यासोक, पाँचथर

प.सं.:-२०८०।०८१

च.नं.:-

प्रदेश नं. १ ,नेपाल


मितिः२०८०।०९।२५

## छुर्पी प्रवर्द्धन कार्यक्रमको प्रस्ताव आव्हान सम्बन्धी सूचना।

प्रथम पटक प्रकाशित मितिः२०८०।०९।२५

दरखास्त पेश गर्ने अन्तिम मितिः२०८०।१०।१०

कुम्मायक गाउँपालिकाको पशुपन्छी सेवा शाखालाई आ.व. २०८०।०८१ मा संघीय सरकारबाट वित्तीय हस्तान्तरण भएको **छुर्पी प्रवर्द्धन कार्यक्रम** "सशर्त वित्तीय हस्तान्तरित पशुपन्छी तथा मत्स्य कार्यक्रम सञ्चालन सम्बन्धी कार्यविधी २०८०" बमोजिम छुर्पी उत्पादन परिमाणका आधारमा प्रोत्साहन रकम प्राप्त गर्न इच्छुक **दैनिक १ केजी वा सो भन्दा बढि छुर्पी उत्पादन** गर्ने कृषक/ समूह/ समिति/ सहकारी/ संघ/ संस्था /कम्पनी /फार्म /दुग्ध डेरी /निजी उद्यमीहरुले यो सुचना प्रकाशित भएको मितिले १५ दिनभित्र तोकिएको ढाँचामा कार्यालय समयभित्र यस गाउँ कार्यपालिकाको पशुपन्छी सेवा शाखामा प्रस्ताव दर्ता गर्नुहुन आव्हान गरिन्छ। रित नपुगी वा म्याद नाघी प्राप्त प्रस्तावहरु छनौटमा समावेश नगरिने व्यहोरा समेत जानकारी गराइन्छ। साथै नेपाल सरकारका विभिन्न निकायबाट समान प्रकृतिको कार्यक्रमका लागी विगतमा अनुदान लिएका छुर्पी उत्पादक उद्यमीहरुलाई यस कार्यक्रममा प्राथमिकतामा नराखिने व्यहोरा समेत अनुरोध छ।

| क्र.स. | कार्यक्रमको नाम | लक्षित वर्ग | प्रोत्साहन रकम र सिमा | कार्यक्रम लागु हुने क्षेत्र |
|---|---|---|---|---|
| १. | छुर्पी प्रवर्द्धन कार्यक्रम | दैनिक कम्तिमा १ केजि वा सो भन्दा बढि छुर्पी उत्पादन गरेको उद्यमी । | -दैनिक १- ३ केजीको उत्पादनमा प्रति केजी रु.५०।<br>-दैनिक ३-५ केजीको उत्पादनमा प्रति केजी रु ४०।<br>-दैनिक ५ केजी वा सो भन्दा बढिको उत्पादनमा प्रति केजी रु ३०। | कुम्मायक गाउँपालिका क्षेत्र भित्र। |

आवेदकहरुले निवेदन र संक्षिप्त कार्ययोजनाको ढाँचा तथा कार्यक्रम सञ्चालन कार्यविधि यस कार्यालयको वेवसाइट https://www.kummayakmun.gov.np बाट डाउनलोड गर्न वा सम्बन्धित वडा कार्यालय वा पशुपन्छी सेवा शाखाबाट प्राप्त गर्न सक्नेछन्। थप जानकारीका लागि कुम्मायक गाउँपालिका पशुपन्छी सेवा शाखामा ९८४५८१२५६४ मा सम्पर्क गर्नुहुन अनुरोध छ।

८०।९।२५

गणेश अधिकारी

प्रमुख प्रशासकीय अधिकृत